**मिति २०८२/१०/२६ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १**

नेपालगञ्ज उपमहानगरपालिकामा आगामी आ.व. २०८३।०८४ का लागि विशेष अनुदान सम्बन्धी (संघीय) कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु क्रमिकको प्राथमिकता हुने गरी संघीय योजना आयोग, सिंहदरबार, काठमाडौंमा सिफारिस गर्ने ।

**संघीय विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | कुल रकम रु | अवधि |
|---|---|---|---|
| १ | विशेष अनुदान गर्ने लक्षित वर्गका व्यक्तिहरुलाई पत्र प्रदर्शनमा आधारित उद्यम विकास सृजना र क्षमता विकास कार्यक्रम | ४,४५,००,०००.०० | ३ वर्ष |
| २ | शैक्षिक सुधार कार्यक्रम | २,००,००,०००.०० | १ वर्ष |

**निर्णय नं. २**

नेपालगञ्ज उपमहानगरपालिका नगर उपप्रमुख श्री कमरुद्दिन राईको मिति २०८२/१०/०४ गतेदेखि लागू हुने गरी राजिनामा स्वीकृत भएको हुँदा उहाँले आफ्नो कार्यकालमा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्ने ।

**निर्णय नं. ३**

नेपालगञ्ज उपमहानगरपालिका नगर उपप्रमुख श्री कमरुद्दिन राईको मिति २०८२/१०/०४ गतेदेखि लागू हुने गरी राजिनामा स्वीकृत भएको हुँदा अर्को व्यवस्था नहुँदा सम्मका लागि अनुगमन समितिको संयोजकमा कार्यपालिका सदस्य श्री शोभा खड्कालाई जिम्मेवारी दिने ।

**निर्णय नं. ४**

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र घर नक्सा पास प्रक्रियामा निर्माण सम्पन्न भए पश्चात् सो भवनको क्षेत्रफल अनुसार हुन आउने सम्पत्ति कर बुझाएपछि मात्र निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ५**

नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र उपमहानगरपालिकाको तर्फबाट मुद्दामुद्दै अड्डा, अदालतमा फिरादपत्र, प्रतिउत्तर पत्र, रिट निवेदन, लिखित जवाफ, निवेदन पत्र दर्ता गर्ने र सो प्रयोजनका लागि वारेस नियुक्त गर्ने गराउन समेत पाउने गरी नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(१) अनुसार अधिकार प्रत्यायोजन गर्ने र उल्लेखित निर्णयको जानकारी सम्बन्धित अड्डा, अदालतलाई दिने ।

प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर प्रमुख
नेपालगञ्ज उप महानगरपालिका

## मिति २०८२/१०/२६ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. ६

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा संचालन निर्देशिका, २०७४ अनुसार एकिकृत चिकित्सा तथा प्रवर्धनात्मक स्वास्थ्य सेवा (promotive health/ health promotion) पुर्याउने उद्देश्यले नेपालगञ्ज उपमहानगरपालिकामा स्थापना भएको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट सञ्चालनमा रहेको आयुर्वेद सम्बन्धी अत्यावश्यक/आधारभुत सेवालाई निरन्तरता दिने ।

निर्णय नं. ७

नगर विकास कोषको प.सं. ०८२।०८३, च.नं. १०३६ र मिति २०८२।०९।२९ गतेको प्राप्त पत्रानुसार २०८२ भाद्र २३ र २४ गते आन्दोलनका क्रममा भएको आगजनी, तोडफोड तथा लुटपाटको कारण नेपालगञ्ज उपमहानगरपालिकाको मुख्य प्रशासकीय भवन लगायतमा भएको क्षतिबाट सेवा प्रवाह र दैनिक कार्य सञ्चालनमा असहज अवस्था सृजना भएको सन्दर्भमा नेपालगञ्ज उपमहानगरपालिकाको प्रशासकीय भवन मर्मतका लागि ३० प्रतिशत कोषको अनुदान, ५० प्रतिशत सहुलियत व्याजदरमा ऋण तथा २० प्रतिशत नगरपालिकाको लगानी रहने गरी वित्तिय ढाँचामा बढीमा ३ करोड रुपैयाँको कुल लागत रहने गरी प्रस्ताव प्राप्त हुन आएको ।
नेपालगञ्ज उपमहानगरपालिकाको मुख्य प्रशासनिक भवन लगायत विभिन्न भवन (ब्लक) को निर्माण तथा मर्मत संभार कार्यको लागि मिति २०८२।०९।१६ गते बोलपत्र आह्वानको सूचना प्रकाशन भई कार्यान्वयनको चरणमा रहेको हुँदा उक्त कार्यक्रम संचालनका लागि तपसिल बमोजिमको लागत साझेदारी रहने गरी नगर विकास कोषको ऋण प्रस्ताव ग्रहण गर्ने गरी कार्यालयको मिति २०८२।१०।१९ गते भएको निर्णय (नगर प्रमुख स्तरीय) अनुमोदन गर्ने ।

तपसिल:

| क्र.सं. | योजनाको नाम | लागत अनुमान | नगर बिकास कोष अनुदान | नगर बिकास कोष ऋण | नगरपालिकाको साझेदारी |
|---|---|---|---|---|---|
| १. | नेपालगञ्ज उपमहानगरपालिकाको मुख्य प्रशासनीक भवन लगायत विभिन्न भवन (ब्लक) को निर्माण तथा मर्मत सम्भार कार्य (Construction, renovation and maintenance of different block of NSMC office) | ३,३९,४८,०२४.५३ | (रु.३ करोडको ३०%ले हुने गरी) ९०,००,००० कुल ला.अ.को (२६.५१%) | (रु.३ करोडको ५०%ले हुने गरी) १,५०,००,००० कुल ला.अ.को (४४.१९%) | ९९,४८,०२४.५३ कुल ला.अ.को (२९.३०%) |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/१०/२६ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ८

नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गत वाटर पार्क क्षेत्रको जग्गा एकिकरण (ल्याण्डपुलिङ Land Pooling) गरी जग्गा विकास गर्ने कार्य नेपालगञ्ज नगर विकास समितिले सम्पन्न गरिसकेकोले उक्त आयोजना अन्तर्गत निर्माण हुने भवनहरुका सम्बन्धमा नगर विकास समितिको पत्र संख्या २०८२/०८३, चलानी नं. २२, मिति २०८२/०५/११ गते को पत्रबाट मापदण्ड कार्यान्वयनको लागि सिफारिस सम्बन्धी पत्र प्राप्त हुन आएकोले नेपालगञ्ज उपमहानगरपालिकाको स्वीकृत भवन तथा योजना मापदण्ड (तेस्रो संसोधन २०७२) को बुदा नं २.२ मा वाटर पार्क जग्गा एकिकरण आयोजना अन्तर्गत नगर विकास समितिले स्वीकृत गरेको कलर कोड सहितको भवन मापदण्ड लाई समावेश गरी यस उपमहानगरपालिको कार्यालयबाट मौजुदा मापदण्डमा नगर विकास समितिबाट प्राप्त भवन मापदण्ड लाई एकिकृत गरि कार्यान्वयन गर्ने।

निर्णय नं. ९

नेपालगञ्ज उपमहानगरपालिकामा कुचिकार पदमा कार्यरत श्री घनश्याम वाल्मिकीको कार्यालय परिसर भित्र रहेको चेम्बरमा खानेपानीको पाईप जडान गर्दा औंला काटिएर अपरेसन गर्नुपरेको हुँदा सोको अपरेसन र औषधी उपचार बापतको खर्च भएको जम्मा रकम रु.३२१९२.०० (बत्तीस हजार एक सय बयानब्बे) चालु आ.व. २०८२/०८३ को "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु" खर्च शिर्षकबाट व्ययभार हुने गरी निज श्री घनश्याम वाल्मिकीको नाममा भुक्तानी दिने।

निर्णय नं. १०

नेपालगञ्ज उपमहानगरपालिकामा कुचिकार पदमा कार्यरत श्री राजकुमार बर्माको नियमीत सरसफाई कामकाजमा खटिएको अवस्थामा मिति २०८२/१०/१४ गते गाडी (ट्याक्टर) दुर्घटनामा भई घाईते भएको हुँदा निजको उपचार वापत खर्च भएको रकम कार्यालयको तर्फबाट व्यहोर्ने र निजको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

निर्णय नं. ११

नेपालगञ्ज उपमहानगरपालिकाबाट 'ग' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका तथा अल्वानिजम भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा प्रदान गर्न कार्यविधि तर्जुमाका लागि सैद्रान्तिक सहमती प्रदान गर्ने ।

निर्णय नं. १२

"नेपालगञ्ज उपमहानगरपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८२" स्वीकृत गर्ने ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/१०/२६ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १३

नेपालगञ्ज उपमहानगरपालिका, स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/०८/१७ गतेको बैठकबाट नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गत सबै वडामा घर बीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएकोमा सो को कार्यान्वयनमा देखिएको जटिलता एवं बजेट सीमाका कारण एकै पटक सबै वडामा कार्यक्रम सम्भव हुने नदेखिएको हुँदा आगामी समयमा स्रोतको सुनिश्चितता गरी अन्य वडाहरुमा समेत क्रमशः विस्तार गर्दै लैजाने गरी चालु आ.व.को हकमा वडा नं.८ र वडा नं.११ मा कार्यक्रम सञ्चालन गर्ने तथा अघिल्लो आर्थिक वर्षमा वडा नं.३ र वडा नं.७ मा गरिएको घरबीमा कार्यक्रमलाई निरन्तरता दिदै नविकरण गर्ने।

निर्णय नं. १४

सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौको प.सं. २०८२-०८३ च.नं.६७८ मिति २०८२।०९।२८ गतेको पत्रानुसार आ.ब. २०८२।८३ मा सडक बोर्डको साझेदारीमा नेपालगञ्ज उपमहानगरपालिकामा तपसिल बमोजिमका योजनाहरु सञ्चालन गर्ने ।

तपसिल:

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| क्रमागत योजना नेपालगञ्ज उपमहानगरपालिकामा दायित्व सारिएको | | | |
| १ | NIDC सडक मर्मत कार्य | १० | नेपालगञ्ज उपमहानगरपालिकाबाट आ.व २०८२/८३ का लागि बजेट बिनियोजन भएको हुँदा साझेदारी गर्नु नपर्ने । |
| २ | चारबाहिनी चोक देखि पूर्व तर्फ पिपलचौतारा हुदै समाबेशी टोल सम्म सडक मर्मत | ०९ | |
| नयाँ प्रस्तावित योजना सडक बोर्डको साझेदारीका कार्यान्वयन हुने | | | |
| १ | ब्यारेक चोक देखि चौधरी टोल जाने बाटोमा नाता तथा ग्राबेल बाटो स्तरउन्नति | ०६ | |
| २ | लखिमपुर टोलमा नाला, ढक्कन निर्माण तथा पि.सि.सि बाटो मर्मत तथा स्तरउन्नति | ०८ | |
| ३ | ट्राफिक चोक देखि बाबुगाउ जाने बाटोको बीचवाट हनुमन्त नगर जाने बाटोमा नाला तथा ग्राबेल बाटो स्तरउन्नति | १० | |
| ४ | सन्तलाल जयसवालको घर देखि राम सदन यादबको घर हुदै बाबा दिन कुर्मीको घर सम्म अस्फाल्ट बाटो स्तरउन्नति | १२ | |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner